**<u>ना.सु. (अप्राविधिक) पदको दरखास्त दर्ता गर्ने कार्यालयहरुलाई विशेष सूचना</u>**

एकिकृत परीक्षा प्रणाली अन्तर्गत ना.सु. वा सो सरह (अप्राविधिक) दरखास्त स्वीकृति एवं दर्ता गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

१) उम्मेदवारले दरखास्त फारम भर्दा एकिकृत परीक्षा प्रणालीको लागि निर्धारण गरिएको दरखास्त प्रयोग भए/नभएको हेर्नुपर्नेछ ।

२) उम्मेदवारले दरखास्त फारम भर्दा दरखास्तमा निर्दिष्ट गरिएको देहायको विवरणहरु भरे/नभरेको हेर्नुपर्नेछ ।

   क. न्यूनतम शैक्षिक योग्यता छुट्टाछुट्टै तोकिएको सेवा/समूहको विज्ञापनमा उम्मेदवारले प्राप्त गरेको न्यूनतम शैक्षिक योग्यताको मूल विषय उल्लेख गरे नगरेको ।

   ख. न्यूनतम शैक्षिक योग्यता छुट्टाछुट्टै तोकिएको सेवा/समूहको विज्ञापनमा शैक्षिक योग्यताको आधारमा सम्भाव्य उम्मेदवार हुन सक्ने सेवा/समूहको महलमा संकेत चिन्ह लगाए/नलगाएको ।

   ग. परीक्षा दिन चाहेको ऐच्छिक प्राज्ञिक विषय उल्लेख गरे/नगरेको ।

   घ. परराष्ट्र सेवामा उम्मेदवार हुन चाहने उम्मेदवारले थप पत्र/विषय उल्लेख गरे/नगरेको ।

३) दरखास्त फारम स्वीकृत गर्नु अगाडि उम्मेदवारले भरेको विवरण र पेश गरेको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरु हेरी दरखास्तमा आयोगको कर्मचारीले भर्ने खण्डमा उम्मेदवारको सम्भाव्य सेवा/समूह जनाई दरखास्त स्वीकृत गर्नुपर्नेछ ।

४) स्वीकृत भएका दरखास्तको नामावली आयोगको कार्य सञ्चालन निर्देशिका, २०६७ को अनुसूची-८क. बमोजिमको नयाँ ढाँचामा तयार गर्नुपर्नेछ । यस ढाँचामा रहेको शैक्षिक योग्यताको मूल विषय उल्लेख गर्ने महलमा एकभन्दा बढी मूल विषयहरु रहेको भए सो समेत उल्लेख गर्नुपर्नेछ ।

५) दरखास्त दर्ता गर्ने कार्यालयहरुले स्वीकृत गरेका दरखास्त फारमहरु विज्ञापनसँग सम्बन्धित कार्यालयमा र नयाँ ढाँचामा तयार भएको स्वीकृत नामावली र प्रवेशपत्र उम्मेदवारले परीक्षा केन्द्र उल्लेख गरेको सम्बन्धित कार्यालयहरुमा दरखास्त दर्ताको म्याद सकिएको १५ (पन्ध्र) दिनभित्र पठाइसक्नु पर्नेछ । काठमाडौं उपत्यका भित्रका हुलाक कार्यालयहरुले स्वीकृत गरेका दरखास्तहरु र नयाँ ढाँचाको स्वीकृत नामावली काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्र, अनामनगरमा पठाउनु पर्नेछ ।

६) यस निर्देशनमा उल्लेख नभएका विषयहरुका हकमा साविक बमोजिमको व्यवस्था अनुसार हुनेछ ।

अनुसूची-८क को नयाँ ढाँचा तलको पेजमा राखिएको छ ।

अनुसूची-८क.
(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)
लोक सेवा आयोग
...........................कार्यालय

# दरखास्त स्वीकृत नामावली

माग पद संख्या :
वि.नं./सू.नं.
पद :
श्रेणी :
परीक्षा मिति :

विज्ञापन प्रकाशित मिति :
दरखास्तको अन्तिम मिति :
दोब्बर दस्तुरको अन्तिम मिति :
सेवा/समूह/उपसमूह :

| रोल नं. | उम्मेदवारको नाम | बाबुको नाम | बाजेको नाम | रसिद नं. | परीक्षा दस्तुर | | | | | | | दर्ता मिति | *ऐच्छिक प्राज्ञिक बिषय | *थप पत्र/बिषय | *न्यूनतम शैक्षिक योग्यताको मूल बिषय | *संभाव्य उम्मेदवार हुन सक्ने सेवा/समूह/उपसमूह | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | खुला | समावेशी समूह | | | | | | | | | | | |
| | | | | | | महिला | आ.ज. | मधेशी | दलित | अपाङ्ग | पि.छे. | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

*एकीकृत परीक्षा प्रणाली अन्तर्गत छुट्टाछुट्टै शैक्षिक योग्यता तोकिएको परीक्षाको हकमा मात्र उल्लेख गर्ने ।

.......................................
तयार गर्ने

..............................................
रुजु गर्ने

....................................................
प्रमाणित गर्ने